प्रदेश सरकार
लुम्बिनी प्रदेश
कृषि, खाद्य प्रविधि तथा भूमि व्यवस्था मन्त्रालय
पशुपन्छी तथा मत्स्य विकास निर्देशनालय

फ्याक्स नं. [illegible]
ईमेल: vethosrupandehi@gmail.com
Website: rupandehi.vethos.gov.np

# भेटेरिनरी अस्पताल तथा पशु सेवा विज्ञ केन्द्र

रुपन्देही

प.स. ०७८/७९
च.नं. २९६

मितिः २०७८/१०/२८

विषयः सूचना टाँस सम्बन्धमा।

श्री स्थानिय तहहरु (सबै), रुपन्देही।

प्रस्तुत विषयमा यस केन्द्रबाट मिति २०७८/१०/२७गते प्रकाशित प्रतिफलमा आधारित प्रोत्साहन अनुदान कार्यक्रमको प्रस्ताव आव्हानको सूचना यसै पत्र साथ संलग्न राखी सम्बन्धित सरोकारवालाहरुको लागि तहां कार्यालयको सूचना पाटीमा टांस गरी सो को जानकारी यस कार्यालयलाई गराई सहयोग गरिदिनुहुन अनुरोध छ।

.............................
डा. प्रतिमा बिष्ट
पशु विकास अधिकृत

श्री कृषि + पशु शाखा
५।११

लुम्बिनी सांस्कृतिक नगरपालिका
लुम्बिनी रुपन्देही
दर्ता नं ४५०१
मिति ०७८।११।०१



https://mail.google.com/mail/u/0/#inbox/FMfcgzGmtrMSRJsfxLgRgpLxsCvRgxfh?projector=1&messagePartId=0.1 1/1

Scanned with CamScanner

कृषि, खाद्य प्रविधि तथा पशुपन्छीविकास मन्त्रालय
पशुपन्छी तथा मत्स्य विकास निर्देशनालय

सम्पर्क नं.: ०७१ ५७६५०६
ईमेल: vethosrupandehi@gmail.com
Website: rupandehi.vethos.gov.np

# भेटेरिनरी अस्पताल तथा पशु सेवा विज्ञ केन्द्र

रुपन्देही

## प्रतिफलमा आधारित प्रोत्साहन अनुदान कार्यक्रम संचालनका लागि प्रस्ताव आव्हानको सूचना

सूचना नं. ०७८/७९/०५ प्रथम पटक प्रकाशित मिति: २०७८/१०/२७

यस विज्ञ केन्द्र रुपन्देहीको आ.व. २०७८/७९ को स्वीकृत वार्षिक कार्यक्रम प्रतिफलमा आधारित प्रोत्साहन अनुदान "उत्पादन प्रवर्द्धनमा आधारित कृषक सहयोग कार्यक्रम संचालन कार्यविधि, २०७६" बमोजिम संचालन गरिने भएकोले सो कार्यक्रममा सहभागी हुन वा आफू मातहतका सदस्य कृषकहरुलाई संलग्न गराउन इच्छुक नियमानुसार दर्ता भएका सहकारी वा कम्पनीहरुले तपसिल बमोजिमका सर्तहरु पालन गरी यो सूचना प्रकाशन भएको मितिले ३० दिन (२०७८/११/२७) भित्र यस भेटेरिनरी अस्पताल तथा पशु सेवा विज्ञ केन्द्र, रूपन्देहीमा आवेदन पेश गर्नु हुन यो सूचना प्रकाशन गरिएको छ। प्रस्ताव पत्रका साथ पेश गर्नु पर्ने कागजातको विवरण, निवेदनको ढाँचा तथा संक्षिप्त कार्ययोजना कार्यालयको वेभसाईट: http://rupandehi.vethos.gov.np बाट प्राप्त गर्न सक्नु हुनेछ।

तपसिलः

१) अनुदानग्राहीको छनौट मापदण्ड

| क्र सं | बालि वस्तुको नाम | आवेदकको किसिम | अनुदान दिने आधारहरु | प्रमाणीत गर्ने आधारहरु |
|---|---|---|---|---|
| १ | माछा/मासु (खसी/बोका/ भेडा/बंगुर/ राँगा/ माछा) | सहकारी | • आ.व. ०७७/७८ को साउन महिना देखी चालु आ.व. को असार मसान्त सम्म गरेको कारोवारको अभिलेख पेश गर्नु पर्ने (लेखापरिक्षण)<br>• संकलित विक्रि योग्य खसी/बोका/भेडा/ बंगुर/राँगा/माछा उत्पादक सहकारी संस्था आफैले पालन गरेको वा सदस्य कृषकहरुबाट खरिद गरेको हुनुपर्ने,<br>• खसी/बोका/भेडाको हकमा १००, बंगुरको हकमा ५० र रागाको हकमा कम्तिमा २० प्रति सहकारी प्रति बर्ष कारोवार गरेको हुनुपर्ने,<br>• माछाको हकमा तराईमा प्रति सदस्य कम्तिमा ५०० केजीका दरले एउटा सहकारीबाट १० मे टन कारोवार गरेको हुनुपर्ने, | • सहकारीको सदस्यहरुको पशुपन्छी त मत्स्यपालनको अभिलेख,<br>• सम्बन्धित स्थानिय तहको निरिक्षण सहितव प्राविधिक प्रतिवेदन,<br>• बिमा गरिएको प्रमाण,<br>• सहकारीको खरिद अभिलेख,<br>• सहकारीले आफै बिक्रि बितरण गर्ने भए विक्रि अभिलेख र थोक विक्री गर्ने भए सम्झौताक प्रतिलिपि वा बिक्री गरेको पसलको नाम, ठेगाना सम्पर्क नं. सहितको बिवरण,<br>• व्यवसायीबाट लिएको भुक्तानीको अभिलेख सहकारीबाट कृषकको खातामा भुक्तानी गरेक अभिलेख |
| २ | दुध उत्पादन | सहकारी/ कम्पनी/ निजि डेरी | • आ.व. ०७७/७८ को श्रावण १ गते देखी चालु आ.व. असार मसान्त सम्म गरेको दुधको कारोवारको अभिलेख पेश गर्नु पर्ने,<br>• सहकारी वा कम्पनीले संस्थागत रुपमा खरिद विक्री गरेको हुनुपर्ने,<br>• प्रति सहकारी/कम्पनीले मासिक औषत दश हजार लिटर उत्पादन तथा विक्री गरेको हुनु पर्नेछ<br>• साथै वार्षिक कम्तिमा २५० दिन दुधको कारोवार गरेको हुनुपर्ने | • सहकारी वा कम्पनीको संस्थागत अभिलेख,<br>• सम्बन्धित स्थानिय तहको निरिक्षण सहितव प्राविधिक प्रतिवेदन,<br>• बिमा गरिएको प्रमाण,<br>• सहकारी वा कम्पनीको खरिद विक्री अभिलेख सहकारीले आफै बिक्रि बितरण गर्ने भए विक्रि अभिलेख र थोक विक्री गर्ने भए सम्झौताक प्रतिलिपि वा बिक्री गरेको पसलको नाम, ठेगाना सम्पर्क नं. सहितको बिवरण,<br>• व्यवसायीबाट लिएको भुक्तानीको अभिलेख सहकारी वा संस्थागत रुपमा कृषकको खातामा भुक्तानी गरेको अभिलेख |



Scanned with CamScanner

प्रदेश सरकार
लुम्बिनी प्रदेश
कृषि, खाद्य प्रविधि तथा भूमि व्यवस्था मन्त्रालय
पशुपन्छी तथा मत्स्य विकास निर्देशनालय

सम्पर्क नं. ०७१ ५७६५०६
ईमेल: vethosrupandehi@gmail.com
Website: rupandehi.vethos.gov.np

# भेटेरिनरी अस्पताल तथा पशु सेवा विज्ञ केन्द्र

रुपन्देही

२) प्रोत्साहन अनुदानको मापदण्डः जिउँदो खसी/बोका/भेडाको हकमा बढीमा प्रति केजी रु २५, रागाको हकमा बढीमा प्रति केजी रु १५, बंगुरको हकमा बढीमा प्रति केजी रु २०, माछाको हकमा बढीमा प्रति केजी रु १० र दुधको हकमा बढीमा प्रति लिटर रु २ का दरले उपलब्ध गराईनेछ।

३) संलग्न गर्नुपर्ने कागजातहरु

<u>संलग्न गर्नु पर्ने कागजातहरु:</u>

- संस्था दर्ता, कर चुक्ता र नविकरण प्रमाणपत्र
- आ.व. ०७७/७८ को लेखा परिक्षण प्रतिवेदन
- अनुसूची -२ अनुसार निवेदन तथा अनुसूची -५ अनुसारको कार्ययोजना
- स्थानिय तहको सिफारिस
- आ.व. ०७७/७८को बार्षिक साधारण सभाको प्रतिवेदन
- कार्यक्रममा सहभागी हुने संस्था/ कम्पनीको निर्णय प्रतिलिपी
- सहकारी/ कम्पनी/ निजि डेरीमा आवद्ध पशुपालक कृषकहरुको पशु विमाका कागजातहरु

पुनश्चः यस सूचनामा छुट भएका बुदाँहरू "उत्पादन प्रवर्द्धनमा आधारित कृषक सहयोग कार्यक्रम संचालन कार्यविधि, २०७६" बमोजिम हुनेछ। थप जानकारीको लागि यस केन्द्रको फोन नं. ०७१-५७६५०६ मा सम्पर्क गर्नु हुन अनुरोध छ।



Scanned with CamScanner